नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

# जिल्ला वन पैदावार आपूर्ति समितिको कार्यविधि निर्देशिका, २०६३

प्रस्तावनाः

सर्वसाधारण जनताको घरकाज, जनसहभागिताद्वारा सञ्चालन गरिने सानातिना विकास निर्माण कार्य, दैवी प्रकोप र कृषि औजारका लागि आवश्यक पर्ने काठ दाउरा जिल्ला वन पैदावार आपूर्ति समिति मार्फत् उपलब्ध गराउने कार्यलाई व्यवस्थित, पारदर्शी, सरल एवं छिटोछरितो तुल्याउने उद्देश्यले वन नियमावली, २०५१ को नियम ६७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयले देहायको निर्देशिका वनाई जारी गरेको छ ।

परिच्छेद -१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम "जिल्ला वन पैदावार आपूर्ति समितिको कार्यबिधि निर्देशिका, २०६३" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

(क) "ऐन" भन्नाले वन ऐन, २०४९ सम्झनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले वन नियमावली, २०५१ सम्झनु पर्दछ ।

(ग) "वन कार्ययोजना" भन्नाले वन ऐन, २०४९ को दफा २ (घ) बमोजिमको कार्ययोजना सम्झनु पर्दछ ।

(घ) "प्लट" भन्नाले जिल्ला वन कार्यालयले समितिलाई चाहिने काठ दाउरा उपलब्ध गराउन छपान, मूल्याङ्कन गरी चार किल्ला तोकी वन पैदावार (काठ दाउरा) संकलन तथा बिक्री वितरण निर्देशिका, २०५७ अनुसार छुट्याएको वनक्षेत्रलाई सम्झनु पर्दछ ।

(ङ) "घाटगद्दी" भन्नाले काठ दाउरा बिक्री-बितरण वा अन्य तवरले हक हस्तान्तरण नभएसम्म सुरक्षित राख्न जिल्ला वन अधिकृतले तोकेको ठाउँलाई सम्झनु पर्दछ ।

(च) "समिति" भन्नाले वन नियमावली,२०५१ को नियम ९ बमोजिम गठित जिल्ला वन पैदावार आपूर्ति समिति सम्झनु पर्दछ ।

(छ) "अन्तिम जाँच" भन्नाले समितिले काम गर्न पाएको प्लटमा कटान मुछान आदि सम्पूर्ण कार्य सम्पन्न भएपछि जिल्ला वन कार्यालय र समितिले तोकेको प्रतिनिधिको उपस्थितिमा क्षेत्रीय वन निर्देशकले गरेको अन्तिम जाँचलाई जनाउँदछ ।

(ज) "डिपो" भन्नाले गोलिया काठ, चिरान काठ, दाउरा तथा यसका सह-उत्पादन बिक्री-वितरण गर्ने उद्देश्यले संकलन गरी राखेका स्थान सम्झनु पर्दछ ।

(झ) "समितिको छाप" भन्नाले अनुसूची ५ वमोजिमको जिल्ला वन पैदावार आपूर्ति समितिको छाप सम्झनु पर्दछ ।

परिच्छेद-२

वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा

३. वार्षिक कार्यक्रम तथा बजेट तर्जुमाः

(१) समितिले प्रत्येक आर्थिक वर्षमा काठ दाउरा संकलन तथा बिक्री-वितरणको परिमाण यकीन गरी सो सन्दर्भमा गरिने अन्य कार्यक्रमहरूको विवरण तथा प्रस्तावित बजेटसमेत तयार गरी वन विभागबाट स्वीकृत गराई कार्य गर्नु पर्नेछ ।

(२) बजेट तर्जुमा गर्दा समितिमा खटिएको कर्मचारीका लागि तलव भत्ता लगायत प्रशासनिक खर्चका लागि औचित्यताको आधारमा गत आर्थिक वर्षको कूल आयको बढीमा २५ प्रतिशतसम्म रकम छुट्ट्याउन सकिनेछ ।

(३) समितिले वन पैदावार सम्वन्धी कार्य संचालन गर्नको लागि आवश्यक पर्ने जग्गा, फर्निचर, सवारीसाधन, मेशिनरी औजार खरिद गर्न र भवन निर्माण जस्ता कार्यहरू गर्न वन विभागको पूर्व स्वीकृति लिएर मात्र खर्च गर्न सक्नेछ ।

## परिच्छेद-३

## कटान, मुछान, ढुवानी तथा घाटगद्दीसम्बन्धी व्यवस्था

४. कटान मुछान प्रक्रिया :

(१) जिल्ला वन कार्यालयबाट समितिलाई प्लट प्राप्त भएपछि समितिले आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ अनुरुप ठेक्कापट्टाद्वारा प्रतिस्पर्धा गराई कटान मुछानको कार्य गर्नु गराउनु पर्नेछ ।

(२) छपान, कटान, मुछान, लोड, अनलोड, ढुवानी, चाङ लगाउने कार्यका लागि खर्चको प्रति एकाई दररेट सम्बन्धित जिल्लाको दररेट अनुसार  तोक्नु पर्नेछ ।

(३) प्लटबाट काठ दाउरा कटान मुछानको कार्य ठेक्कापट्टाबाट हुन नसक्ने अवस्थामा समितिको निर्णयबाट अमानतबाट समेत गराउन सकिनेछ । अमानतबाट कार्य गराउदा स्वीकृत जिल्ला दररेटको अधिनमा रही गर्नु पर्नेछ ।

(४) रुख कटान गरी सेक्सन दिंदा बढी काठ उपलब्ध हुने गरी गर्नु पर्नेछ ।

(५) काठ कटान गरी सकेपछि त्यसबाट निस्कने दाउरा पनि नियमानुसार टुका पारी चट्टा लगाई राख्नु पर्दछ ।

(६) कटान क्षेत्रमा काठ दाउरा कटान गर्दा समितिले प्राविधिक कर्मचारी खटाई कटान रजिष्ट्रर राखी त्यसमा जनाउने व्यवस्था गर्नु पर्दछ ।

५. ढुवानीसम्बन्धी प्रक्रिया :

(१) कटानक्षेत्रबाट घाटगद्दीसम्म ढुवानी गर्दा काठमा अनुसूची १ वमोजिमको समिति पासिङ्ग टाँचा लगाएरमात्र ढुवानी गर्नु पर्नेछ ।

(२) काठ दाउराको ढुवानी गर्दा तोकिएको बाटोमात्र प्रयोग गर्नु पर्नेछ ।

(३) प्लटबाट घाटगद्दीसम्म काठ दाउरा ढुवानी गर्दा सकभर अन्य रुखविरुवालाई क्षति नपर्ने गरी गर्नु पर्नेछ ।

६. घाटगद्दीसम्बन्धी व्यवस्था :

(१) समितिले कटान क्षेत्रबाट उपलब्ध हुने काठ दाउरा जिल्ला वन कार्यालयले तोकेको उपयुक्त स्थानमा घाटगद्दी गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) घाटगद्दीमा रहेका काठ दाउराको विवरण अद्यावधिक रूपमा राख्ने व्यवस्था मिलाई सो को लगत समितिको कार्यालयमा समेत राख्नु पर्नेछ ।

(३) घाटगद्दीमा काठ दाउराको यकिन नाप साइज ठहर गरी आम्दानी बाँध्नु पर्नेछ ।

(४) घाटगद्दीमा गोलिया काठ चाङ लगाएर राख्नु पर्नेछ । दाउराको हकमा २० फिट X ५ फिट X ५ फिटको चट्टा बनाई चट्टा नं. इनामेलले लेख्नु पर्नेछ ।

७. चिरान उत्पादन :

(१) समितिले सर्वसाधारण जनताको मागलाई मध्यनजर राखी चिरान उत्पादन गरी बिक्री-वितरण गर्नु पर्नेछ ।

(२) कुन साइजको गोलियाबाट के कति परिमाणको चिरान काठ उत्पादन भयो सो को अभिलेख तयार गरी राख्नु पर्नेछ । समितिले चिरान उत्पादनका लागि पायक पर्ने स-मिलको प्रयोग गर्न वा डिपोमा नै चिरान गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(३) चिरानबाट उत्पादित काठलाई त्यसको नाप, साइज र जातअनुसार  पाइलिङ गरी राख्नु पर्नेछ ।

परिच्छेद-४

काठ दाउरा बिक्री-वितरण प्रक्रिया

८. काठ दाउराको आपूर्ति व्यवस्था : (१) समितिले अनुसूची -२ बमोजिमको  ढाँचामा निवेदन प्राप्त भएपछि वन नियमावली, २०५१ र वन पैदावार (काठ दाउरा) संकलन तथा बिक्री-वितरण निर्देशिका, २०५७ को अधिनमा रही सर्वसाधारण जनताको घरकाज, विकासनिर्माण, दैबीप्रकोप, कृषिऔजार आदि प्रयोजनको लागि निर्धारित मूल्यमा देहाएको परिमाणमा नबढाई काठ दाउरा उपलब्ध गराउन सक्नेछ :

(क) पक्की घर निर्माण

सम्बन्धित गा.वि.स./नगरपालिका वा नगर विकास समितिको स्वीकृत नक्शाको आधारमा साल तथा अन्य जात गरी चिरान काठ बढीमा १०० क्यू.फि. सम्म वा गोलिया काठ १४० क्यू. फि. सम्म ।

(ख) फुसको घर निर्माण

वल्लावल्ली (साल र अन्यजात गरी) २० थानसम्म र चिरानकाठ साल र अन्यजात गरी २५ क्यू. फि. सम्म वा गोलिया ३५ क्यू. फि. सम्म र वल्लावल्ली प्रयोग नगरी चिरान काठ मात्र प्रयोग गर्ने भएमा चिरान काठ ५० क्यू.फि. सम्म वा गोलिया ७० क्यू. फि. सम्म ।

(ग) घर मर्मत सुधार

चिरान काठ २० क्यू. फि. सम्म वा गोलिया काठ ३० क्यू.फि. सम्म । यो प्रयोजनको लागि एकपटक दिएपछि ५ वर्षसम्म दिइनेछैन ।

(घ) जनसहभागिताद्वारा संचालन गरिने विकास निर्माण

स्वीकृत लगत इष्टिमेट प्राप्त भएपछि चिरान काठ २०० क्यू. फि. सम्म वा गोलिया काठ २८० क्यू.फि. सम्म ।

(ङ) दैवी प्रकोप

साल बल्लावल्ली १२ थान वा साल र अन्य जात गरी चिरान काठ २० क्यू. फि. सम्म वा गोलिया काठ ३० क्यू. फि. सम्म (गोलाइ ४ फिट सम्मको ) ।

(च) कृषि औजार (हलो, जुवा, हेंगा)

बढीमा ७ क्यू. फि. सम्म गोलिया काठ (गोलाई ४ फिटसम्म) ।

(छ) दाउरा

(अ) दाहसंस्कार - तौलको आधारमा समितिले तोकेको परिमाण ।

(आ) घरकाज- पटक पटक गरी एक वर्षमा एक घरधुरीलाई आयतनका आधारमा १ चट्टा    सम्म

(इ) धार्मिक कार्य- समितिले आवश्यकता हेरी तोकेबमोजिमको परिमाण ।

(ज) काठ दाउराको प्रयोग

जुन कार्यको लागि काठ दाउरा प्राप्त गरिएको हो सोही कार्यको लागि प्रयोग गर्नुपर्नेछ । साथै यसरी प्राप्त गरेको काठ दाउरा जिल्ला वाहिर लैजान पाइनेछैन ।

(२) काठ दाउराको बिकी मूल्यः- कटान, मुछान, लोड, अनलोड, तथा घाटगद्धीसम्मको ढुवानी खर्च, ओभरहेड खर्च, भ्याट, मुनाफा तथा बजारभाउसमेतलाई बिचार गरी समितिले तोक्नेछ ।

(३) समितिले गर्ने काठ दाउराको बिकी-वितरण कार्य समितिको डिपो मार्फत गर्नेछ ।

(४) समितिले बिकी-वितरण गर्ने गोलिया काठ वा चिरानमा अनुसूची– ३ बमोजिमको टाँचा लगाउनेछ ।

(५) समितिबाट बिकी गरिएको गोलिया काठ वा चिरानको कमशः अनुसूची ४ र ५ बमोजिमको छोडपूर्जी र चलान पत्र दिनु पर्नेछ ।

९. वन पैदावार उठाई लैजाने म्याद : (१) समितिले उपभोक्तालाई वढीमा १५ दिनको म्याद दिई डिपोवाट काठ दाउरा उठाई लैजाने म्याद दिनेछ । तोकिएको म्याद भित्र उठाई लान नसकेमा मनासिव कारणसहित म्याद भुक्तानी भएको ७ दिन भित्रमा समिति समक्ष म्यादथपको लागि निवेदन दिएमा र देखाइएको कारण मनासिव लागेमा समितिले बढीमा ७ दिनको म्यादथप गर्न सक्नेछ ।

(२) समितिबाट बिकी भएको काठमा अनुसूची– ३ बमोजिमको टाँचा प्रयोग गरी छोडपूर्जीसमेत भईसकेपछि उक्त वन पैदावारको सुरक्षाको जिम्मेवारी सम्बन्धित उपभोक्ताको नै हुनेछ । कुनै कारणले नासिएमा वा हराएमा समिति जवाफदेही हुनेछैन ।

१०. विकी हुन नसकी बाँकीरहेका काठको व्यवस्थाः समितिले दफा ८ बमोजिम विकी वितरण हुन नसकेको काठ दाउरा जिल्ला वन कार्यालय मार्फत क्षेत्रीय वन निर्देशनालयको स्वीकृति लिई वन पैदावार लिलाम विकी कार्यविधि निर्देशिका, २०६० बमोजिम लिलाम बिक्री गर्न सक्नेछ। यसरी बिक्री गर्दा दैबीप्रकोप तथा कृषिऔजारको लागि बिक्री गर्न तय गरेको सम्बन्धित डिपोको मूल्यलाई नै न्यूनतम मूल्य मानिनेछ। यस्तो काठको राजश्व दैवी प्रकोपको लागि निर्धारण गरेको राजश्व दर अनुसार जिल्ला वन कार्यालयमा बुझाउनु पर्नेछ ।

११. विकी वितरणको लगत राख्ने : समितिले विभिन्न डिपोबाट विकी वितरण भएको काठ दाउराको आम्दानी खर्चको लगत मासिकरुपमा तयार गरी सम्वन्धित जिल्ला वन कार्यालय र क्षेत्रीय वन निर्देशनालयमा पठाउनु पर्नेछ ।

## परिच्छेद-५

## लेखा तथा लेखापरीक्षण

१२. समितिको कोषः (१) समितिको कोषमा देहाय वमोजिम प्राप्त रकम रहनेछ :

(क) नेपाल सरकारबाट निकासा रकम ।

(ख) वन पैदावार बिकीबाट प्राप्त रकम ।

(ग) टेण्डर फाराम बिकीबाट प्राप्त रकम ।

(घ) अन्य श्रोतबाट प्राप्त रकम ।

(२) काठ दाउरा उत्पादन, संकलन, घाटगद्दी तथा विकी-वितरण जस्ता स्वीकृत कार्यकमहरूमा खर्चगर्न जिल्ला वन कार्यालयबाट रकम माग भएमा समितिबाट अनुमोदन गराई विभागलाई जानकारी गराएमा कोषको रकम सापटी दिन सकिनेछ । समयमा काठ दाउरा विकी-वितरण गरी उक्त रकम सोधभर्ना गर्ने जिम्मेवारी सम्बन्धित जिल्ला वन कार्यालयको हुनेछ ।

१३. खाता सञ्चालन र लेखा राख्नेः (१) समितिको सदस्य-सचिव र जिल्ला वन कार्यालयबाट खटिएका लेखाका कर्मचारीको संयुक्त दस्तखतबाट सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको सिफारिशमा वैंकमा खाता खोली सञ्चालन गरिनेछ ।

(२) समितिको आयव्ययको लेखा नेपाल सरकारको प्रचलित लेखा प्रणाली अनुसार राख्नु पर्नेछ । यसको आर्थिक विवरण तयार गरी मासिक र वार्षिकरुपमा सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय, क्षेत्रीय वन निर्देशनालय र वन विभागमा पठाउनु पर्नेछ ।

१४. जिन्सीलेखा: समितिले आफ्नो कार्यालय संचालनको लागि जिन्सी सामानको आम्दानी खर्च गर्दा स्वीकृत म.ले.प. फारमहरूको प्रयोग गर्नु पर्नेछ ।

१५. लेखापरीक्षण: (१) समितिको आन्तरिक लेखापरीक्षण जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट गरिनेछ ।

(२) लेखापरीक्षणबाट देखिएका बेरुजुहरू फछ्र्यौट गराउने दायित्व समितिका अध्यक्ष र सदस्य-सचिवको हुनेछ ।

## परिच्छेद-६

## विविध

१६. जनशक्तिको व्यवस्था: वन नियमावली, २०५१ तथा यस निर्देशिकाबमोजिम डिपो सुरक्षाको लागि समितिले जिल्ला वन कार्यालयसंग समन्वय गरी प्रचलित ऐन नियम विपरित नहुने गरी करार सेवा निर्देशिका वमोजिम जनशक्तिको व्यवस्था गर्न सक्नेछ ।

१७. डिपो स्थापना गर्ने :

(१) समितिले बिक्री-वितरण गर्ने काठ दाउराको व्यवस्थापनका लागि आवश्यकतानुसार डिपोको स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित डिपोको व्यवस्थापन जिल्ला वन कार्यालयबाट खटिएका कर्मचारीबाट हुनेछ ।

(३) समितिको काममा खटिएका जिल्ला वन कार्यालयका कर्मचारीले समितिले तोके बमोजिमको भत्ता पाउनेछन् ।

१८. काठ दाउरा संकलन तथा विक्री वितरण: सर्वसाधारण जनतालाई आवश्यक पर्ने काठ दाउरा बिक्री-वितरण गर्नका लागि समितिको काम, कर्तव्य र अधिकार देहाएबमोजिम हुनेछ :

(क) काठ दाउराको मागको अभिलेख राख्ने ।

(ख) जिल्ला वन कार्यालयबाट उपलब्ध गराइएका प्लटहरूबाट समिति आफैले वा आफ्नो जिम्मेवारीमा ठेक्कापट्टावाट काठ दाउरा संकलन गरी तोकिएको स्थानमा घाटगद्दी गर्ने गराउने ।

(ग) काठ दाउराको मूल्य निर्धारण र विकी-वितरण गर्ने ।

(घ) समितिबाट बिभिन्न प्रयोजनको लागि बिकीबितरण भएको काठ दाउरा उक्त प्रयोजनमा उपयोग गरे नगरेको अनुगमनको व्यवस्था मिलाउने ।

(ङ) समितिको कार्यमा संलग्न जनशक्तिको लागि सुविधा तोक्ने ।

(च) डिपो सञ्चालनको प्रकिया निर्धारण गर्ने ।

१९. अन्य

(१) कार्यालय समयभन्दा अघि वा पछि वैठकबस्दा समितिका सदस्यलाई प्रति वैठक प्रति व्यक्ति रु. ५००।- वैठक भत्ता दिइनेछ ।

(२) समिति विघटन भएमा सो को चल अचल सम्पति एवं दायित्व जिल्ला वन कार्यालयमा सर्नेछ ।

(३) वन क्षेत्रबाट हुने वन पैदावारको चोरीनिकासी नियन्त्रण, अतिक्रमण रोकथाम र बृक्षारोपण जस्ता विकास कार्यहरूका लागि समितिको निर्णयबाट वन विभागको स्वीकृति लिई प्रचलित नर्मस्अनुसार कार्यकम सञ्चालन गर्न सक्नेछ ।

(४) समितिले काठ दाउराको जर्ति किटान सम्बन्धमा स्वीकृत नर्मस्लाई नै प्रयोग गरी गर्नु पर्नेछ ।

(५) यस निर्देशिकामा उल्लेखित कुराका हकमा यसै बमोजिम र अन्य कुराका हकमा वन ऐन, २०४९, वन नियमावली, २०५१ र अन्य प्रचलित कानूनबमोजिम हुनेछ। यस निर्देशिकामा

उल्लेखित कुनै प्रावधानको व्याख्याका सम्वन्धमा कुनै विवादपरेमा नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालयको व्याख्या अन्तिम हुनेछ ।

(६) वन विभागले समितिको कोषमा भएको रकम वन अतिक्रमण रोक्न, हटाउन र वन विकास तथा व्यवस्थापन जस्ता कार्य गर्न प्राथमिकता दिई प्रचलित ऐन नियम विपरित नहुने गरी आवश्यकतानुसार सम्बन्धित समितिसंग समन्वय गरी अन्य जिल्लाका आपूर्ति समितिमा पठाउन सक्नेछ ।

(७) समितिबाट बिक्री-वितरण गरिएको काठ दाउरा दुरुपयोग नहोस् भन्नाका लागि समितिले अनिवार्य रूपमा नियमित अनुगमन गरी सो को आधारमा बिक्री-वितरण प्रक्रियालाई परिमार्जन गर्दै लैजानु पर्नेछ । उक्त कार्यहरुको सम्वन्धित क्षेत्रीय वन निर्देशनालयबाट अनुगमन तथा मूल्याँकन गरी चौमासिक रुपमा एकमुष्ट प्रतिवेदन वन विभागमा पठाउनु पर्नेछ ।

(८) काठ दाउराको विक्री वितरण कार्यमा कुनै द्धिविधा भएमा वन पैदावार (काठ दाउरा ) संकलन तथा विक्री वितरण निर्देशिका, २०५७ बमोजिम गर्नु पर्नेछ ।

अनुसूची-१
(दफा ५(१) संग सम्बन्धित)
जिल्ला वन पैदावार आपूर्ति समितिको पासिङ्ग टाँचा

आ. स.
पासिङ्ग
.........., जिल्ला

अनुसूची-२

(दफा ८(१) संग सम्बन्धित)

निवेदनको नमूना

मितिः

श्रीमान् सदस्य सचिवज्यू,
जिल्ला वन पैदावार आपूर्ति समिति, ..................जिल्ला ।

बिषयः काठ दाउरा पाउँ भन्ने बारे ।

महोदय,

मलाई नयाँ घर निर्माण गर्न/मर्मत गर्न/हलो, जुवा तथा अन्य कृषि औजार बनाउन एवं दाहसंस्कार/घरकाज/धार्मिक कार्यका लागि काठ दाउरा आवश्यक भएकोले तहा समितिद्वारा सहुलियत दरमा प्रदान गर्ने काठ दाउरा समितिको नियमानुसार उपलब्ध गराइदिनुहुन रु. ५।- को टिकट टाँसी यो निवेदन पेश गरेको छु ।

निवेदक

---

निवेदनमा संलग्न हुनु पर्ने कागजातहरू

घर निर्माण प्रयोजनको लागि

१. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि

२. जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि

३. हालसालै तिरो तिरेको रसिदको प्रतिलिपि

४. गा. बि. स./ नगरपालिकाको सिफारिश

५. नगरपालिका क्षेत्र भित्र घर निर्माण/मर्मत गर्ने भएमा पाश भएको नक्शाको प्रतिलिपि

दैबीप्रकोप प्रयोजनको लागि

जिल्ला दैबीप्रकोप उद्धार समितिको सिफारिश

विकास निर्माण प्रयोजनको लागि

१. जि.वि.स.को सिफारिश

२. बिस्तृत लगत इष्टिमेट

३. निवेदन

कृषि औजार प्रयोजनको लागि

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

२. गा. वि. स. ⁄ नगरपालिकाको सिफारिस

दाहसंस्कार ⁄ घरकाज ⁄ धार्मिक कार्य


१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

२ गा.वि.स. ⁄ न.पा.को सिफारिश

अनुसूची- ३

(दफा ८(४) र ९(२) संग सम्बन्धित)

जिल्ला वन पैदावार आपूर्ति समितिको बिक्री टाँचा



अनुसूची-४

(दफा ८(५) संग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

वन विभाग

जिल्ला वन पैदावार आपूर्ति समिति,........जिल्ला

पत्र संख्या

चलानी

मिति

विषयः काठ दाउराको छोडपूर्जि वारे ।

श्री ...........................

श्री ..........................

श्री ..........................

श्री ..........................

श्री ..........................

श्री ................. गा.वि.स./न.पा. ......... ।

जिल्ला वन कार्यालय, ............. को मिति .................... को छोडपूर्जि नं. ............. अनुसार तपसिल बमोजिमको काठको मूल्य नगदी रसिद नं. ......../भौचर नं. .......... बाट रु. ................ प्राप्त भैसकेको हुंदा आजको मितिले ............ दिनभित्र सो काठ उठाई लैजानु होला । म्यादभित्र काठ उठाई नलगी हिनामिना भएमा समिति जिम्मेवार नहुने तथा तोकिएको प्रयोजन र स्थानमा नलगी अनियमित भएगरेमा कानून बमोजिम कारवाही हुने व्यहोरासमेत सूचित गरिन्छ ।

तपसिल

| सि.न. | जात | थान | परिमाण क्यू. फी. | प्रयोजन | इ.व.का. | रे.पो. | टांचा | | घाटगद्दी स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | वन | समिति | | |
| | | | | | | | | | | बिमार्का बमोजिमको गोलियाको नापी लगत यसैसाथ संलग्न छ । |

वोधार्थः

श्री जिल्ला वन कार्यालय, .............. ।

श्री ................ ई.व.का.: कर्मचारीको रोहवरमा लोड गराई दरपिठ गरी पठाउनु हुन ।

श्री .................. रे.पो. ।

श्री .................. गा.वि.स. ......... ।

श्री...................... ।

अनुसूची ५

(दफा ८(५) संग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

वन विभाग

जिल्ला वन पैदावार आपूर्ति समिति

............. जिल्ला

## काठ/दाउरा चलानी पूर्जी

चलानी नं. ढुवानी कर्ताः

मिति ................. थान .......................... सवारी साधन............................. जात .................... छोडपूर्जि नं ............... जाने स्थान .................. ।

| लग नं. | जात | बोका बाहेक गोलाई | लम्बाई | मोटाई | धोदकट्टी | | काठ क्यू.फी. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | साइज | क्यू. फी. | | |
| | | | | | | | | |

यसमा उल्लेखित व.वि. .......................... बिक्री भन्ने र आ. स. विक्री भन्ने टाँचा लागेको काठ .......................... प्रयोजनको लागि सहुलियत दरमा पाएको हुंदा आजका मितिले .................... दिन भित्र उठाई तोकिएको प्रयोजनमा लगाइने छ। अन्यथा प्रचलित ऐन नियमानुसार कारवाही सहन बुझाउन तयार छु।

उपभोक्ताको सही छाप : दस्तखत :

दायां वायां

अनुसूची- ६

(दफा २(झ) संग सम्बन्धित)

जिल्ला वन पैदावार आपूर्ति समितिको छाप

(नमुना)

| |
|---|
| नेपाल सरकार<br>वन तथा भू-संरक्षण मन्त्रालय<br>वन विभाग<br>जिल्ला वन पैदावार आपूर्ति समिति, .......जिल्ला<br>२०५६ |